फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्ड : १ संख्या : १२ मिति : २०७५/०६/२१

**भाग-१**

**फलेवास नगर कार्यपालिका**

## फलेवास नगरपालिकाको सहकारी ऐन, २०७५

सभावाट पारित मितिः २०७५/०२/२४

प्रस्तावना :

सहकारी संस्था, मुल्य, मान्यता र सिद्धान्त अनुरुप स्थानीयस्तरमा छरिएर रहेको पुँजी प्रविधि तथा प्रतिभालाई स्वाबलम्वन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक सामाजिक साँस्कृतिक तथा शैक्षिक उन्नयन गर्ने, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रुपमा सहकारी संस्थाहरुको प्रवर्द्धन गर्न सहकारीका आधारभूत सिद्धान्तलाई आत्मसाथ गर्दै उद्योग, बस्तु तथा सेवा व्यावसायका माध्यमवाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीब्र एवम् दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन एवं व्यवस्थित गर्न बाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१) को अधिकार प्रयोग गरी यो ऐन तयार गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१) यस ऐनको नाम फलेवास नगरपालिकाको सहकारी ऐन, २०७५ रहेको छ।

२) यस ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

क) "आर्थिक समिति" भन्नाले फलेवास नगर कार्यपालिकावाट गठित आर्थिक समिति भन्ने सम्झनुपर्छ।

ख) "आन्तरिक कार्यविधि" भन्नाले यस ऐनको दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ।

ग) "कसूर" भन्नाले दफा ७९ बमोजिमको कसूर सम्झनुपर्छ।

घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको आन्तरिक कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

ङ) "दर्ता गर्ने अधिकारी" भन्नाले यसै ऐन  बोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्छ।

च) "नगरपालिका" भन्नाले फलेवास नगरपालिकालाई जनाउनेछ।

छ) "परिवार" भन्नाले सहकारी संस्थाका सदस्यका पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आँफुले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाई, बुहारी, दिदी बहिनी सम्झनुपर्छ।

ज) "प्राथमिक पुँजी कोष" भन्नाले शेयर पुँजी र जगेडा कोष सम्झनुपर्छ।

झ) "प्रारम्भिक सदस्य" भन्नाले सहकारी संस्था स्थापना गर्दा ताकाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनु पर्छ।

ञ) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ।

ट) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हर्ने संघीय मन्त्रालय सम्झनुपर्छ।

ठ) "मुख्य कारोबार" भन्नाले संस्थाले संचालन गरेको व्यावसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्ष सम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको खरिद वा विक्रि कारोवारमा कम्तिमा तीन प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनुपर्छ।

ड) "रजिष्ट्रार" भन्नाले यस फलेवास नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत जनाउनेछ।

ढ) "लेखा सुपरीवेक्षण समिति" भन्नाले दफा ३७ बमोजिमको समिति सम्झनुपर्छ।

ण) "विनियम" भन्नाले सम्वन्धित सहकारी संस्थामा तोकिए वमोजिम बनाएको विनियम सम्झनु पर्छ।

त) "विभाग" भन्नाले संघीय मन्त्रालयको सहकारी विभाग सम्झनुपर्छ। र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउनेछ।

थ) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पुँजीको अंश सम्झनुपर्छ।

द) "सञ्चालक" भन्नाले समितिको पदाधिकारी सहितको सदस्य सम्झनुपर्छ।

ध) "सदस्य" भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनुपर्छ।

न) "समिति" भन्नाले दफा बमोजिम सञ्चालक समिति सम्झनुपर्छ।

प) सहकारी व्यवस्थापन समिति : भन्नाले दफा बमोजिमको समिति सम्झनुपर्छ।

फ) "सहकारी मुल्य" भन्नाले स्वालम्बन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व, संस्थागत सुशासन तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मुल्य सम्झनुपर्छ।

ब) "सहकारी सिद्धान्त" भन्नाले स्वेच्छिक तथा खुल्ला सदस्यता, सदस्यद्धारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्वन्धि सिद्धान्त सम्झनुपर्छ ।

भ) "साधारणसभा" भन्नाले सहकारी संस्थाको साधारणसभा सम्झनुपर्छ ।

म) "संस्थाको व्यवसाय"भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

य) "संस्था" भन्नाले परिच्छेद २ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनुपर्छ ।

र) "संस्थाको कार्यविधि" भन्नाले यस नगरकार्यपालिकाद्धारा जारी सहकारी संस्थाको कार्यविधिलाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## सहकारी संस्थाको गठन तथा दर्ता

३. संस्थाको गठन :

१) विषयगत वा बहुउद्धेश्यीय सहकारी संस्था गठन गर्न कम्तिमा तीस जना नेपाली नागरिक सदस्य हुनुपर्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित व्यवसाय गर्ने संस्थाको हकमा कम्तिमा पच्चिस जना नेपाली नागरिकले संस्था गठन गर्न सक्नेछन् ।

३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तिमा एक सय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिलि प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व वा सेवा संचालनमा तोकिए बमोजिम शर्तहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

तर एकसय जना भन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तिमा तीस जना कर्मचारी, शिक्षक वा प्रधानाध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त/बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लेखित संख्या पुगेको हुनुपर्नेछ । तर संस्था दर्ता भईसकेपछि एकै परिवारका एक भन्दा बढि व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्नेछैन ।

५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा आन्तरिक कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

४. दर्ता नगरी सहकारी संस्था संचालन गर्न नहुने :

कसैले पनि यस दफा बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न हुँदैन ।

५. दर्ताको लागि दरखास्त दिनुपर्ने :

(१) यस दफा बमोजिम गठन हुने सहकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूचि (१) को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ ।

क) सहकारी संस्थाको प्रस्तावित विनियम तथा कार्य योजना,

ख) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण

घ) सदस्यको तत्कालीन संलग्नता,

ङ) अन्य आवश्यक कागजातहरु ।

(३) कार्य क्षेत्र भित्र बसोबास गरेको तर प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नागरिकता भएका आवेदकहरुको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिको साथमा कार्यक्षेत्र भित्र बसोबास गरेको वडा कार्यालयको सिफारिस वा अन्य कुनै प्रमाण खुल्ने कागजात पेश गनुपर्ने छ ।

६. दर्ता गर्नुपर्ने :

१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितका कागजातहरु छानविन गर्दा निम्न बमोजिमको भएको पाइएमा सहकारी व्यवस्थापन समितिले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गर्ने निर्णय गरी दर्ता गर्ने अधिकारीले अनुसुचि २ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

क) दरखास्तका साथ पेश भएको विनियम यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको ।

ख) प्रस्तावित सहकारी संस्था सहकारी मुल्य, मान्यता र सिद्धान्त अनुरुप संचालन हुन सक्ने आधार रहेको ।

ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई संचालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नुपर्नेछ ।

३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुदाँका बखत दर्ता भई सञ्चालनमा रहेका फलेवास नगरपालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नुपर्ने गरी शर्त तोक्न सक्नेछ ।

५) उपदफा (४) बमोजिम तोकिएको शर्त पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

६) फलेवास नगरपालिका क्षेत्र भित्र सञ्चालन भएका सहकारी संस्थाहरुले सहकारी शाखामा बार्षिक प्रतिवेदन बुझाउनु पर्नेछ ।

७. दर्ता गर्न अस्वीकार गर्न सक्ने :

१) दफा (६) को उप दफा (१) मा उल्लेखित अवस्था नभएमा, सोहि दफा बमोजिम बिनियम संशोधनको लागि सूचना दिएको अवधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र बिनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिन भित्र सो को जानकारी सम्वन्धित निवेदकहरुलाई दिनुपर्नेछ ।

८. सहकारी संस्था संगठित संस्था हुने :

१) सहकारी संस्था अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

२) सहकारी संस्थाको काम कारवाहिको लागि एउटा छुट्टै छाप हुनेछ ।

३) सहकारी संस्थाले यस ऐनको अधिनमा रहि व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग विक्रि वा अन्य व्यवस्था गर्न सक्नेछ ।

४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र सो उपर पनि सोहि नामबाट नालिस, उजुर लाग्न सक्नेछ ।

५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

९. सहकारी संस्थाको कार्यक्षेत्र :

(१) दर्ता हुँदाका वखत सहकारी संस्थाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ :-

क) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा एक वडा ।

ख) अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा बढिमा तीन वडा सम्म ।

१) सदस्यहरुबीच स्वाबलम्वनको पारस्पारिक अभ्यासको लागि आपसी साझा बन्धन (कमन बण्ड),

२) व्यावसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,

३) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुईवर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरुमा विस्तारका लागि माग गर्न सक्नेछ ।

क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्वन गरिएको,

ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको,

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाको कार्यक्षेत्र भित्रका वडाहरुमा व्यवसायिक सेवा संचालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपात भन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा सहकारी दर्ता गर्ने अधिकारीले ब्यावसायिक सेवा संचालन भएका वडामा कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा ३ बमोजिम दिइएको निर्देशन सहकारी संस्थाले एक वर्ष भित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुर्ननिर्धारण गर्नुपर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी संस्थाले स्वेच्छिक रुपमा आफ्नो कार्यक्षेत्र घटाउने गरी विनियम संशोधन माग गर्न सक्नेछ ।

(६) कार्यक्षेत्र निर्धारण सम्बन्धि अन्य व्यवस्था सहकारी दर्ता गर्ने अधिकारीले तोके बमोजिम हुनेछ ।

१०. जानकारी दिनुपर्ने : फलेवास नगरपालिकाको कार्यक्षेत्र भन्दा बाहिर कार्यक्षेत्र रहेका सहकारी संस्थाको हकमा नगरपालिकामा सेवा सञ्चालन गर्दा सो को विवरण सहित दर्ता गर्ने जानकारी यस ऐन बमोजिमको दर्ता गर्ने अधिकारीलाई दिनुपर्नेछ ।

११. विषयगत आधारमा बर्गिकरण :

(१) सहकारी संस्थाको बर्गिकरण देहाय बमोजिम हुनेछ :-

क) उत्पादन संस्था : कृषि, दुग्ध, चिया, कफि, फलफुल, माछापालन, पशुपंक्षीपालन, नगदेवाली विशेषका विषयगत एवम् उत्पादनको योजना समेतका आधारमा सञ्चालन हुने अन्य उत्पादनमुलक संस्था ।

ख) उपभोक्ता संस्था : उपभोक्ता भण्डार, बचत, तथा ऋण, उर्जा, शिक्षा, स्वास्थ्य, पर्यटन, सूचना प्रविधि, विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् स्वरोजगारीको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था ।

ग) श्रमिक संस्था : हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था ।

घ) बहुउद्धेश्यीय सहकारी संस्था : उत्पादन, उपभोग, र श्रम वा सिपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुमुखि संस्था ।

(२) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि (१) बमोजिम अन्य संस्थाहरु गठन गर्न बाधा पर्नेछैन ।

१२. कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने :

(१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि संस्थाले आफ्नो उद्वेश्य प्राप्तिका लागि यस ऐन र विनिमयको अधीनमा रहि आवश्यक कारोबार, व्यवसाय, उद्योग, वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी संस्थाले उपदफा (१) बमोजिम कारोबार, व्यावसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन । तर त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनुपर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपर्नेछ ।

(३) दुई वा दुईभन्दा बढि संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस नियमावलीको अधिनमा रहि आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(४) उपदफा (३) बमोजिमको कारोबार व्यवासाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१३. दायित्व सिमित हुने :

(१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सिमित रहनेछ ।

(२) सहकारी संस्थाको नाममा (सहकारी) र नामको अन्त्यमा लिमिटेड भन्ने शब्द राख्नु पर्नेछ ।

१४. सहकारीका मुल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने : सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य मान्यता र सिद्धान्तको पालना गर्नुपर्नेछ ।

## परिच्छेद -३

## संस्थाको उद्वेश्य तथा कार्य

१५. संस्थाको उद्धेश्य : कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरुको आर्थिक सामाजिक तथा सांस्कृति उन्नयन गर्दै सामाजिक विकासको नेतृत्व गर्नु संस्थाको मुख्य उद्धेश्य हुनेछ ।

१६. संस्थाको कार्य : संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछ :-

क) सहकारीका मुल्य मान्यता र सिद्धान्तहरुको पालना गर्ने गराउने ।

ख) सदस्यको हित र प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरु प्रदान गर्ने ।

ग) सदस्यलाई शिक्षा, सूचना र व्यवसायिक प्रविधिमुलक तालिम प्रदान गर्ने ।

घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

ङ) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने ।

च) संस्थाको व्यावसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरु संचालन गर्ने ।

ज) सहकारी दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने ।

झ) विनियममा उल्लेखित कार्ययोजना अनुरुपका कर्यहरु गर्ने ।

## परिच्छेद -४

## बिनियम तथा संस्थाको कार्यविधि

१७. विनियम बनाउनुपर्ने :

(१) संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको कार्यविधिको अधिनमा रहि आफ्नो कार्य सञ्चालनको लागि विनियमहरु बनाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनिमय दर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ ।

१८. संस्थाको कार्यविधि बनाउन सक्ने :

(१) संस्थाले यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधिनमा रहि आवश्यकता अनुसार आफ्नो कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरे पछि लागु हुनेछ ।

(३) संस्थाले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

१९. विनियम र संस्थाको कार्यविधिमा संशोधन :

(१) संस्थाको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट बिनियम र संस्थाको कार्यविधि संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको बिनियम वा संस्थाको कार्यविधि दर्ता गर्ने अधिकारीवाट स्वीकृत भएपछि लागू हुनेछ ।

## परिच्छेद -५

## सदस्यता

२०. संस्थाको सदस्यता:

(१) देहाय बमोजिमका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछन् ।

क) नेपाली नागरिकता प्राप्त गरेको व्यक्ति,

ख) संस्थाको कम्तिमा एक शेयर खरिद गरेको,

ग) संस्थाको विनियममा उल्लेखित शर्तहरु पालना गर्न मञ्जुर गरेको,

घ) संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको,

ङ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको,

च) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको,

छ) कालो सूचिमा नपरेको,

ज) फौजदारी अभियोग नलागेको,

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संघीय सरकार, प्रदेश सरकारका निकायहरु स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लव, स्थानीय तहमा गठन भएका उपभोक्ता समुहहरु संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कृषिको व्यवसायिकरण, स्वास्थ्य, शिक्षा, उर्जा, पर्यटन, सूचना प्रविधि सहकारी संस्थाहरुले सहकारी संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

२१. सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्ने :

१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित ब्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैतिस दिन भित्र समितिले यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा रहि सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नुपर्नेछ ।

३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान गर्ने निर्णय गरेमा सो को कारण खोली सात दिन भित्र निवेदकलाई जानकारी गराउनुपर्नेछ ।

४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिन भित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

५) उपदफा (४) बमोजिम प्राप्त उजुरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिन भित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनुपर्नेछ ।

२२. सदस्य हुन नपाउने :

(१) कुनै व्यक्ति एकै प्रकृतिको एक भन्दा बढि संस्थाको सदस्य हुन पाउने छैन । तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढि संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले दुई वर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्ष भित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

२३. सदस्यताको समाप्ति :

(१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ ।

क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा ।

ख) लगातार वार्षिक साधारण सभामा विना सूचना तीन पटकसम्म अनुपस्थित भएमा ।

ग) यस ऐन अन्तर्गत बनेको आन्तरिक कार्यविधि वा संस्थाको विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उलंघन गरेमा ।

घ) संस्थाको सदस्यको हकमा दफा (२०) बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नुपर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फवाट धितो वा जमानत बसेकोमा सो को दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि साधारणसभा बोलाउने निर्णय भैसकेपछि साधारणसभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

२४. सुविधा प्राप्त गर्न नसक्ने : कुनै सदस्यले सहकारी संस्थालाई तिर्नुपर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन अन्तर्गत बनेको आन्तरिक कार्यविधि तथा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुबिधा प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद -६

## साधारणसभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

२५. साधारणसभा:

(१) सहकारी संस्थाको सर्वोच्च अंगको रुपमा साधारण सभा हुनेछ ।

(२) सहकारी संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछ :-

क) प्रारम्भिक साधारण सभा

ख) बार्षिक साधारण सभा

ग) विशेष साधारण सभा

२६. प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार : प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारवाहि र आर्थिक कारोबारको जानकारी लिने ।

ख) चालु आर्थिक वर्षको लागि बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

ग) प्रतिवेदन तथा वित्तिय विवरण अनुमोदन गर्ने ।

घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरिवेक्ष समितिको निर्वाचन गर्ने ।

ङ) संस्थाको कार्यविधि पारित गर्ने ।

च) लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

२७. बार्षिक साधारण सभाको काम कर्तव्य र अधिकार : बार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

ख) बार्षिक लेखा परिक्षण प्रतिवेदन अनुमोदन गर्ने ।

ग) समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन वा विघटन गर्ने ।

घ) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदवाट हटाउने ।

ङ) समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

च) विनियम संशोधन तथा संस्थाको कार्यविधि पारित गर्ने ।

छ) लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारिण गर्ने ।

ज) संस्था एकीकरण वा विघटन सम्बधी निर्णय गर्ने ।

झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने ।

ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्वन्धमा निर्णय गर्ने ।

ट) सदस्यको दायित्व मिनाहा गर्ने ।

ठ) समितिलाई आवश्यक निर्देशन दिने ।

ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

२८. साधारणसभाको बैठक :

१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारणसभा बोलाउनुपर्नेछ ।

२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ५ महिनाभित्र बार्षिक साधारणसभा बोलाउनुपर्नेछ ।

३) समितिले देहायको अवस्थामा विशेष साधारणसभा बोलाउनुपर्नेछ :-

क) संस्थाको काम विशेषले विशेष साधारणसभा बोलाउनुपर्ने समितिवाट निर्णय भएमा,

ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारीसमा,

ग) कुनै सञ्चालकले विशेष साधारणसभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्धारा पारित भएमा,

घ) विशेष साधारणसभा बोलाउनुपर्ने कारण खुलाई पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

ङ) दफा (२९) को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाको संचालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पुरा नगरी संस्था संचालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरु मध्येवाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

२९. विशेष साधारणसभा बोलाउन निर्देशन दिन सक्ने :

१) संस्थाको निरिक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजुरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछ ।

क) सहकारीको मुल्य र मान्यता तथा सिद्धान्त विपरित कार्य गरेमा ।

ख) यो ऐन वा यस ऐनअन्तर्गत बनेको आन्तरिक कार्यविधि, विनियम तथा संस्थाको कार्यविधि विपरित कार्य गरेमा ।

ग) दर्ता गर्ने अधिकारीले दिएको निर्देशन बारम्बार उल्लंघन गरेमा ।

३) दफा (३१) को उपदफा (२) बमोजिम दर्ता गर्ने अधकारीले आदेश दिएमा ।

२) उपदफा (१) बमोजिम साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतिस दिन भित्र साधारणसभाको बैठक बोलाउनु पर्नेछ । र साधारणसभाको बैठकमा उजुरी वा निरिक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

३) उपदफा (१) वा (२) मा उल्लेखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ ।

४) सहकारी संस्थाको साधारण सभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ । तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक सभारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाईएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिने छ ।

५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा २८ को (४) मा भएको व्यवस्था सोहि अनुसार हुनेछ ।

६) दुई हजार वा सो भन्दा बढि सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचिमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा वडा वडामा वा अन्य पायकको स्थानमा सञ्चालक सदस्यहरुलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरु छनौट गरी त्यस्ता प्रतिनिधिहरुको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

३०. सञ्चालक समिति :

(१) सहकारी संस्थामा समाधारण सभाबाट निर्वाचित एक सञ्चालक समति रहनेछ । तर एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटक भन्दा बढि सञ्चालक हुन पाउने छैन ।

(२) उपदफा (१) बमोजिको समितिमा उपलब्ध भएसम्म कम्तिमा ३३ प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

(३) एउटै परिवारको एक भन्दा बढि सदस्य एकै अवधिमा सञ्चालक, लेखा तथा सुपरिवेक्षण समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै संस्थाको संचालक सोहि संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैंक बाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन ।

तर बार्षिक दुई करोड रुपैयाभन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको संचालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन । बार्षिक दुई करोड भन्दा बढि कारोबार गर्ने संस्थामा कुनै संचालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले दुई वर्ष भित्र त्यस्तो संचालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

(५) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोहि वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र कुनै एक संस्थाको मात्र संचालक वा कर्मचारी रहनुपर्नेछ ।

(६) समितिको कार्य अवधि तीन वर्षको हुनेछ ।

३१. सञ्चालक समितिको निर्वाचन :

(१) समितिले आफ्नो कार्यविधि समाप्त हुनुभन्दा कम्तिमा एक महिना अघि अर्को समितिको निर्वाचन गराउनुपर्छ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले ६ महिनाभित्र समितिको निर्वाचन गराउन दर्तागर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समायवधि भित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारलाई जानकारी गराउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्था रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागि गराई समितिको निर्वाचन सम्बन्धी सम्पुर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपदफा(४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्वन्धित समितिका पदाधिकारीको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पुर्ण खर्च सम्वन्धित संस्थाले व्यहोर्नुपर्नेछ ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

३२. समितिको काम कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लेखित काम कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) सहकारीका मुल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने ।

ख) आर्थिक तथा प्रशासकिय कार्य गर्ने, गराउने ।

ग) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा तथा विशेष साधारणसभा बोलाउने ।

घ) साधारणसभाका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

ङ) संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारणसभा समक्ष पेश गर्ने ।

च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने ।

छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धि कार्य गर्ने ।

ज) सम्बन्धित संघको सदस्यता लिने ।

झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने ।

ञ) संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्ययक कार्य गर्ने, गराउने ।

३३. सञ्चालक पदमा बहाल नरहने : देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्नेछैन :-

क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा ।

ख) निजलाई दफा ३४ को उपदफा (१) बमोजिम संचालकबाट हटाउने निर्णय भएमा

ग) निज अर्को संस्थाको सञ्चालक रहेमा ।

घ) निज सोहि वा अर्को संस्थाको कर्मचारी रहेमा । तर दफा ३० को उपदफा (४) को प्रतिवन्धात्मक बाक्यांसमा लेखिएको कुरामा सोहि बमोजिम हुनेछ ।

ङ) निज सोहि वा अर्को संस्थाको लेखा सुपरिवेक्षण समितिको पदमा रहेमा ।

च) निजको मृत्यु भएमा ।

३४. सञ्चालकलाई पदवाट हटाउन सक्ने :

(१) साधारणसभाले बहुमतको निर्णयवाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदवाट हटाउन सक्नेछ ।

क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानि नोक्सानी पुऱ्याएमा ।

ख) अनधिकृत तबरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धि विषयको गोपनियता भंग गरेमा ।

ग) सम्बन्धित संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा ।

घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा ।

ङ) निज शारिरीक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा ।

च) कुनै सञ्चालकमा यो ऐन अन्तर्गत बनेको नियम वा बिनियममा उल्लेखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारणसभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिईनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारणसभाले त्यस्तो सञ्चालकलाई पदवाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदवाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारणसभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

३५. निजि स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने :

(१) संचालकले आफ्नो निजि स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुनुहुँदैन ।

(२) सञ्चालकले आफुलाई मात्र व्यक्तिगत फाईदा हुनेगरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरित हुने गरी वा आफ्नो अधिकारक्षेत्र भन्दा बाहिर गई कुनै काम कारवाहि गरे गराएमा त्यस्तो काम कारवाहि प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रुपमा उत्तरदायि हुनेछ र त्यस्तो काम कारवाहिबाट संस्थाको सदस्य वा अन्य कुनै व्यक्तिलाई हानि नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि नोक्सानी निजको जाय जेथाबाट असुल उपर गरिने छ ।

३६. समितिको विघटन :

(१) साभारणसभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछ :-

क) समितिको बदनियत पूर्ण कार्यवाट संस्थाको कारोबार जोखिममा परेमा ।

ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा ।

ग) विनियमा उल्लेखित उद्धेश्य र कार्य विपरितको काम गरेमा ।

घ) समितिले आफ्नो जिम्मेवारी पुरा नगरेमा ।

ङ) यस ऐन अन्तर्गत बनेका कार्यविधिमा उल्लेखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशन बारम्बार उल्लंघन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारणसभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो ऐन अन्तर्गत बनेको दफा बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजूरी वा निरिक्षणको क्रममा देखिएका विषयबस्तुको गाम्भिर्यताको आधारमा बढिमा ६ महिनाको समय लिई सुधार गर्ने मौका दिन सक्नेछ । र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यसतो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्ने, दर्ता गर्ने अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पुर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

३७. लेखा सुपरिवेक्षण समितिको गठन :

(१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरु रहने गरी साधारणसभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समति गठन गर्नेछ ।

२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

३८. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :

(१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरिक्षण गर्ने गराउने,

ख) आन्तरिक लेखापरिक्षण गर्दा लेखापरिक्षणका आधारभुत सिद्धान्तहरुको पालना गर्ने, गराउने,

ग) वित्तिय तथा आर्थिक कारोबारको निरिक्षण तथा मुल्यांकन गर्ने गराउने,

घ) समितिको काम कारवाहिको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

ङ) साधारणसभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

च) लेखा सम्बन्धि प्रतिवेदन र समितिको काम कारवाहिको सुपरिवेक्षण सम्बन्धी बार्षिक प्रतिवेदन साधारणसभा समक्ष पेश गर्ने,

छ) आफुले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकुल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सि सम्पत्तिको व्यापक रुपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सो को कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारीस गर्ने ।

२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागि हुन पाउने छैन ।

## परिच्छेद-७

## बचत तथा ऋण परिचालन

३९. सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नुपर्ने :

(१) संस्थाको आफ्ना सदस्यहरुको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्धेश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्धेश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोबारको रुपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए त्यस्तो संस्थाले दुई वर्ष भित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्नेगरी संस्था संचालन गर्नुपर्नेछ ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने सेवामा व्यवस्थापन शुल्क वापत बढीमा २ प्रतिशत सम्म लिन सक्नेछ ।

(४) बचत र ऋणको ब्याजदर बिचको अन्तर छ प्रतिशत भन्दा बढि हुने छैन ।

(५) संस्थाले प्रदान गरेको ऋणको ब्याजलाई मुल ऋणमा पुँजीकृत गरी सो को आधारमा चक्रबृत्ति ब्याज लगाउन पाईने छैन ।

(६) संस्थाले कुनैपनि कम्पनीको शेयर खरिद गर्न सक्ने छैन । तर

१) संस्थाको दायित्वप्रति प्रतिकुल नहुने गरी संस्थाले स्वःप्रयोजनको लागि अचल सम्पत्ति खरिद गरी पूर्वाधार निर्माण एवम् संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पुँजी कोष परिचालन गर्न बाधा पर्ने छैन ।

२) यो ऐन प्रारम्भ हुनुपूर्व कुनै संस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष अवधि भित्र हस्तान्तरण गरिसक्नुपर्नेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका साना किसानद्धारा प्रवर्द्धित वित्तिय संस्थाको शेयर खरिद गर्न बाधा पर्नेछैन ।

४) संस्थाले शेयर पुँजी कोषको पन्ध्र गुणासम्म बचत संकलन गर्न सक्नेछ ।

५) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन । तर संस्थामा अधिक तरलता भएमा सदस्यता प्राप्त गरेको मितिले एक महिनामा पनि ऋण लगानी गर्न बाधा हुने छैन ।

४०. सन्दर्भ ब्याजदर सम्बन्धी व्यवस्था :

(१) सहकारी व्यवस्थापन समितिले बचत तथा ऋणको सन्दर्भ ब्याजदर तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ ।

४१. ब्यक्तिगत बचतको सिमा : संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा शेयरको पन्ध्र गुणा सम्म हुनेछ । तर छ महिना सम्मका लागि स्रोत खुलाई सो भन्दा बढि रकम राख्न सक्नेछ । सो को जानकारी सम्वन्धित निकायमा दिनुपर्नेछ ।

## परिच्छेद -९

## आर्थिक श्रोत परिचालन

४२. शेयर बिक्रि तथा फिर्ता सम्बन्धि व्यवस्था :

(१) संस्थाले आफ्नो सदस्यलाई शेयर विक्रि गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पुँजीको बीस प्रतिशतभन्दा बढि हुने गरी शेयर विक्रि गर्न सक्ने छैन ।

तर संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहको पुर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन ।

(३) संस्थाको शेयरको अंकित मुल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ ।

(४) संस्थाको शेयरपुँजी बिनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(५) संस्थाले खुल्ला बजारमा शेयर विक्रि गर्न पाउने छैन ।

(६) संस्थाको मुलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोहि संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम विक्रि गरिने छैन ।

४३. रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था :

(१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिना भित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ ।

(३) संस्थाले बचत खाताहरु मात्र संचालन गर्न सक्नेछ ।

४४. ऋण वा अनुदान लिन सक्ने :

(१) संस्थाले विदेशी बैंक वा बित्तिय संस्था वा अन्य निकायवाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न यस ऐन बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विदेशी बैंक वा निकायवाट ऋण वा अनुदान लिन स्वीकृतको लागि तोकिए बमोजिमको विवरणहरु सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले नगरपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्ताव सहकारी व्यवस्थापन समितिले उपयुक्त देखेमा स्वीकृत गर्न सक्नेछ ।

४५. नगरपालिकाको सुरक्षण प्राप्त गर्न सक्ने :

(१) संस्थाले विदेशी बैंक वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नुपर्ने भएमा यस ऐन बमोजिम स्वीकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष प्रस्ताव सहित निवेदन दिनुपर्नेछ ।

(२) दफा (१) बमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा नगरपालिकाले यस दफा बमोजिम सम्वन्धित सरकारमा सिफारीस गरि पठाउनुपर्नेछ ।

## परिच्छेद १०
## संस्थाको कोष

४६. संस्थाको कोष :

(१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

क) शेयर विक्रिवाट प्राप्त रकम,

ख) बचतको रुपमा प्राप्त रकम,

ग) ऋणको रुपमा प्राप्त रकम,

घ) संघीय र प्रदेश सरकारवाट प्राप्त अनुदान रकम,

ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान र सहायताको रकम,

च) व्यवसायीक कार्यवाट आर्जित रकम,

छ) सदस्यता प्रवेश शुल्क,

ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम,

## परिच्छेद ११

## एकिकरण, विघटन र खारेजी

४७. सहकारी संस्थाको एकिकरण, विघटन र खारेजी :

(१) यस ऐनको अधिनमा रहि दुई वा दुईभन्दा वढि सहकारी संस्थाहरु एक आपसमा गाभि एकिकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्यक्षेत्रको आधारमा दुई वा दुईभन्दा वढि सहकारी संस्थामा विभाजन गर्न सकीने छ ।

(२) उपदफा १ वमोजिम एकिकरण वा विभाजन गर्दा संवन्धित सहकारी संस्थाको कुल कायम रहेका सदस्य संख्याको वहुमतवाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा २ वमोजिम एकिकरण वा विभाजन गर्ने निर्णय गर्दा एकिकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनुपर्नेछ ।

(४) एकिकरण वा विभाजन सम्वन्धि अन्य व्यवस्था तोकिएवमोजिम हुनेछ ।

४८. विघटन र दर्ता खारेज :

(१) कुनै सहकारी संस्थामा देहाएको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका वहुमत सदस्यको निर्णयवाट त्यस्तो सहकारी संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजिको स्विकृतीको लागि समितिले रजिस्ट्रार वा रजिस्ट्रारवाट अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(क) विनियममा उल्लेखित उद्देश्य तथा कार्य हासिल गर्न संभव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा,

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि रजिस्ट्रार वा रजिस्ट्रारवाट अधिकार प्राप्त अधिकारीले देहाएको अवस्थामा सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(क) लगातार दुई वर्ष सम्म कुनै कारोवार नगरी निष्कृय रहेको पाईएमा,

(ख) कुनै सहकारी संस्थाले यो ऐन वा यस ऐन अर्न्तगत वनेको नियमावली विपरीतको कार्य वारम्वार गरेमा ,

(ग) विनियममा उल्लेखित उद्बेश्य विपरीत कार्य गरेमा ,

(घ) सहकारीका मुल्य मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(३) उपदफा १ र २ वमोजिम दर्ता खारेज गर्नु अघि रजिस्ट्रार वा रजिस्ट्रारवाट अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थालाई सुनुवाइको लागि १५ दिन को समयावधि दिनुपर्नेछ ।

(४) उपदफा १ र २ वमोजिम सहकारी संस्थाको दर्ता खारेज भएमा त्यस्तो सहकारी संस्था विघटन भएको मानिनेछ ।

## परिच्छेद १२
## निरिक्षण तथा अनुगमन

४९. निरिक्षण तथा हिसावकिताव जाँच गर्ने :

(१) रजिस्ट्रार वा रजिस्ट्रारवाट अधिकार प्राप्त अधिकारीले सहकारी संस्थाको जुनसुकै वखत निरीक्षण तथा हिसाव जाँच गर्न गराउन सक्नेछ ।

(२) रजिस्ट्रार वा दर्ता गर्ने अधिकारीले निरिक्षण तथा हिसाव किताव जांच गर्न अन्य कुनै संस्था वा विज्ञ व्यक्तिको सहयोग लिन सक्नेछ ।

५०. छानविन गर्न सक्ने :

(१) कुनै सहकारी संस्थाको व्यवसाय कारोवार संतोषजनक नभएको, सदस्यको हितविपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तिमा पाँच प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा रजिस्ट्रार वा रजिस्ट्रारवाट अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम छानविन गर्दा माग गरेको विवरण वा कागजात उपलव्ध गराई सहयोग गर्नु सम्वन्धित समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा १ वा २ वमोजिम गरिएको छानविनको जानकारी सम्वन्धित सहकारी संस्थालाई लिखित रुपमा दिनुपर्नेछ ।

## परिच्छेद १३
## समस्याग्रस्त संस्था वा संघ

५१. संस्था वा संघ समस्याग्रस्त भएको घोषणा गर्न सकिनेः

(१) यस ऐन वमोजिम गरिएको निरिक्षण वा हिसाव जांचवाट कुनै संस्था वा संघमा देहायको अवस्था विद्यमान रहेको देखिएमा रजिष्ट्रारले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघको रुपमा घोषणा गर्न सक्नेछ । निरीक्षण तथा हिसाव जाँच गर्न गराउन सक्नेछ ।

क) सदस्यको हित विपरीत कुनै कार्य गरेको,

ख) संस्था वा संघले पूरा गर्नुपर्ने वित्तिय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

ग) सदस्यहरुको वचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरित हुने गरी संस्था वा संघ सञ्चालन भएको,

ङ) संस्था वा संघ दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनिय रुपमा गम्भिर आर्थिक कठिनाई भोगीरहेको,

च) कुनै संस्था वा संघले सदस्यको वचत रकम फिर्ता गर्नुपर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्था वा संघका कम्तिमा पचास प्रतिशत सदस्यहरुले रजिष्ट्रार समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड क देखि ङ सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको,

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्था वा संघलाई रजिष्ट्रारले समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ ।

## परिच्छेद १४
## कसुर दण्ड जरिवाना तथा पुनरावेदन

५२. कसुर गरेको मानिनेः

(१) कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछ ।

क) दर्ता नगरी वा खारेज भएको सहकारी संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनिले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोवार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

ख) सदस्यको वचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम वाहेक अन्य कुनै प्रयोजनको लागि प्रयोग गरेमा,

ग) तोकिए भन्दा वढि रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

ङ) ऋण असुल हुन नसक्ने गरी समितिका कुनै सदस्य, नीजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीहरुलाई ऋण दिएको रकम हिनामिना गरेमा,

च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यहरुको मिलेमतोमा सहकारी संस्थाको शेयर वा वचत रकम आफू खुशी परिचालन गरी सहकारी संस्थालाई हानी नोक्सान पुऱ्याएमा,

छ) झुटा तथा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

ज) सहकारी संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

ञ) धितोको अस्वभाविक रुपमा बढि मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

ट) झुटा विवरणका आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढि ऋण लिएमा वा दिएमा,

ठ) कुनै व्यक्ति वा सहकारी संस्थालाई एक पटक दिई सकिएको सुरक्षण रितपूर्वक फूकुवा नभई वा सो सुरक्षणले खामेको मुल्य भन्दा बढि हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

ड) सहकारी संस्थावाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

ढ) सहकारी संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्दै श्रेस्ता राख्ने जस्ता काम गरेवाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानी नोक्सानी गर्ने उद्देश्यले किर्ते गर्न वा अर्काको हानी नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झूटा कुरा गरे वा भएको हो भनी वा मिति, अंक वा व्यहोरा फरक पारी सही छाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

ण) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम विक्रि वा अन्य प्रयोजनको लागि मुल्याङ्कन गर्दा मुल्याङ्कन कर्ताले बढि, कम वा गलत मुल्याङ्कन गरी सहकारी संस्थालाई हानी नोक्सानी पुर्‍याउने कार्य गरे वा गराएमा,

त) सहकारी संस्थालाई हानी नोक्सानी पुर्‍याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, विना मुल्य वा कम मुल्यमा कुनै माल, बस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैरकानूनी लाभ वा हानी पुर्‍याउने बद्नियतले कुनै कार्य गरे वा गराएमा,

थ) कुनै सहकारी संस्था वा सो को सदस्य वा बचत कर्ता वा ती मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखापरीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झूटो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा,

५३. सजायः

(१) कसैले दफा (५२) को कसुर गरेमा देहाय बमोजिमको संजाय हुनेछ ।

क) खण्ड (क), (ग), (ड) र (थ) को कसुरमा १ वर्षसम्म कैद र १ लाख रुपैयां सम्म जरिवाना ,

ख) खण्ड (ठ) को कसुरमा २ वर्षसम्म कैद र २ लाख रुपैया सम्म जरिवाना,

ग) खण्ड (ख)को कसुरमा विगो वरावरको रकम जरिवाना गरी तीन वर्षसम्म कैद,

घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसुरमा विगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछ,

१) १० लाख रुपैया सम्म विगो भए १ वर्षसम्म कैद,

२) १० लाख रुपैया भन्दा बढि रु ५० लाख रुपैया सम्म विगो भए २ देखि ३ वर्षसम्म कैद,

३) ५० लाख रुपैया भन्दा बढि १ करोड रुपैया सम्म विगो भए ३ देखि ४ वर्षसम्म कैद,

४ १ करोड भन्दा बढि १० करोड रुपैया सम्म विगो भए ४ देखि ६ वर्षसम्म कैद,

५) १० करोड रुपैया भन्दा बढि १ अर्व रुपैया सम्म विगो भए ६ देखि ८ वर्षसम्म कैद,

६) १ अर्व रुपैया भन्दा बढि जतिसुकै रुपैया विगो भएमा ८ देखि १० वर्षसम्म कैद,

ङ) खण्ड (ढ) को कसूरमा १० वर्षसम्म कैद,

(२) दफा ५२ को कसुर गर्न उद्योग गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मूख्य कसुरदारलाई हुने संजायको आधा सजाय हुनेछ।

(३) दफा (५२) को कसूर गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पुऱ्याउने कुनै निकाय वा संघ संस्था भए त्यस्तो निकाय वा संघ संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारीको हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने संजाय हुनेछ।

५४. जरिवानाः

(१) कसैको उजुरी परी वा सहकारी संस्थाको निरिक्षण अनुगमन वा हिसाव कितावको जांच गर्दा वा अन्य कुनै व्यहोरावाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गम्भिरताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई ५ लाख रुपैया सम्म जरिवाना गर्नेछ।

क) यो ऐन वा यस ऐन अर्न्गात बनेका नियम विपरित सदस्यसंग व्याज लिएमा,

ख) सहकारी संस्थाले प्रदान गर्ने वचत र ऋणको व्याज दर बीचको अन्तर ६% भन्दा बढि कायम गरेमा,

ग) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल कर्जामा पूंजीकृत गरी सो को आधारमा व्याज लगाएमा,

घ) कुनै सदस्यलाई आफ्नो पूंजीकोषको तोकिए बमोजिमको प्रतिशत भन्दा बढि हुनेगरी ऋण प्रदान गरेमा,

ङ) संस्था दर्ता गर्दाका वखतका सदस्य वाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको ३ महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

च) प्राथमिक पूंजीकोषको १५ गुणा भन्दा बढि हुनेगरी बचत संकलन गरेमा,

छ) शेयर पूंजीको १८ प्रतिशत भन्दा बढि शेयर लाभांश वितरण गरेमा,

ज) सहकारी संस्थाले आफ्नो कार्यक्षेत्र वाहिर गै कारोवार गरेमा वा गैर सदस्यसंग कारोवार गरेमा,

झ) सहकारी संस्थाले यो ऐन विपरित कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा,

(२) उपदफा (१) मा लेखिएको व्यहोरावाट कसैले देहायको कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गम्भिरताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई ३ लाख रुपैया सम्म जरिवाना गर्नेछ।

क) यो ऐन वा यसै अन्तर्गत वनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,

ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको आफूखुशी परिवर्तन गरेमा,

घ) कुनै सहकारी संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा,

३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नुअघि रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीले सम्वन्धित व्यक्ति वा सहकारी संस्थालाई सफाई पेश गर्न कम्तिमा १५ दिनको समयावधि दिनुपर्नेछ ।

५५. रोक्का राख्ने:

(१) रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित सहकारी संस्थालाई दफा (५४) बमोजिम जरिवाना गर्नुको अतिरिक्त ३ महिना सम्म त्यस्तो सहकारी संस्थाको कारोवार, सम्पत्ति तथा वैंक खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्वन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

५६. दोब्बर जरिवाना हुने :

(१) दफा (५४) बमोजिम जरिवाना भएको व्यक्ति वा सहकारी संस्थाले पुनः सोही कसुर गरेमा त्यस्तो व्यक्ति वा सहकारी संस्थालाई रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीले दोस्रो पटक देखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ ।

५६. पुनरावेदन गर्न सक्ने :

(१) दफा (५३), (५४) बमोजिम संजाय एवं जरिवाना उपर त्यस्तो कारवाहीमा परेको व्यक्ति वा सहकारी संस्थाले तोकिएको न्यायिक निकाय समक्ष पुनरावेदन गर्नसक्नेछ ।

५६. असुल उपर गरिने :

(१) यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नुपर्ने जरिवाना वा कुनै रकम नतिरी वांकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजवाट सरकारी वांकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद १५

## विविध

५७. मताधिकारको प्रयोग :

(१) कुनै सदस्यले सहकारी संस्थाको जतिसुकै शेयर खरिद गरेको भएपनि सम्वन्धित सहकारी संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछ ।

५८. आर्थिक सहयोग गर्न नहुने :

(१) सहकारी संस्थाको रकम सदस्य वाहेक अरु कसैलाई सामाजिक कार्यमा वाहेक अन्य कार्यका लागि आर्थिक सहयोग गर्न पाईने छैन ।

स्पष्टिकरण: यस दफाको प्रयोजनको लागि सामाजिक कार्य भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानविय सहायता, सहकारीता प्रवर्द्धन सम्बन्धी कार्यलाई जनाउंछ ।

५९. कर सम्वन्धी व्यवस्थाः

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस नगरपालिका क्षेत्रभित्र सञ्चालित वित्तिय कारोवार गर्ने सहकारी संस्थाहरुलाई मुनाफाको ५ प्रतिशत कर लाग्नेछ ।

६०. ठेक्का पट्टा दिन नहुने :

(१) सहकारी संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई सो सहकारी संस्थाको ठेक्का पट्टा दिन हुंदैन ।

६१. विवाद समाधान :

(१) सहकारी संस्थाका बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरुपणका लागि विवाद निरुपण समितिको गठन गर्न सकिनेछ ।

६२. प्रोत्साहन गर्न सकिने :

(१) सहकारी क्षेत्रको प्रवर्द्धनको लागि उल्लेखनिय योगदान गर्ने व्यक्ति, सहकारी संस्था वा अन्य निकायलाई तोकिए बमोजिम प्रोत्साहन गर्न सकिनेछ ।

६३. सामाजिक परिक्षण गराउन सक्नेः संस्थाले विनियममा उल्लिखित उद्वेश्य प्राप्त गर्नका लागि समितिवाट भएका निर्णय र कार्य सदस्यहरुले प्राप्त गरेका सेवा र सन्तुष्टिको स्तर, सेवा प्राप्तीवाट सदस्यहरुको जीवन स्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकरात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परिक्षण गराउन सक्नेछ ।

६४. सहकारी शिक्षाः सहकारी क्षेत्रको प्रवर्द्धनको लागि विद्यालय तहको पाठ्याक्रममा आधारभूत सहकारी सम्वन्धी विषयबस्तुलाई समावेश गर्न सकिनेछ ।

६५. अन्तर सहकारी कारोवार गर्नसक्नेः

(१) संस्थाहरुले आपसमा करार सम्झौता गरी वा तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन् ।

(२) सदस्यहरुको आर्थिक प्रवर्द्धन एवं सुविधाका लागि सहकारी संस्था एक्लैले वा एक भन्दा वढि संस्थाहरुले आपसमा मिलि सहकारी पसल विक्रि, वितरण केन्द्र वा भण्डारण वा उद्योग व्यवसाय सञ्चालन गर्न सक्नेछन् ।

६६. नियमावली, मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने :

(१) यस ऐनको कार्यान्वयनको लागि यस नगरकार्यपालिकाले आवश्यक नियमावली, मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

६७. सरकारी वांकी सरह असुल उपर हुने :

(१) कुनै सहकारी संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम सरकारी वांकी सरह असुलउपर गरिनेछ ।

६८. खारेजी र बचाउ :

(१) यस नगरक्षेत्रभित्र हाल सम्म सहकारी सम्बन्धी भए गरेका काम कारवाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची १

## सहकारी संस्था दर्ताको लागि निवेदनको नमूना

मितिः

श्रीमान् नगर प्रमुखज्यू,

फलेवास नगर कार्यपालिकाको कार्यालय,

खानीगाउँ, पर्वत ।

विषयः सहकारी संस्था दर्ता गरी पाउँ ।

महोदय,

उपरोक्त सम्वन्धमा हामीहरुले ................................................... सहकारी संस्था लि. ........................................ पर्वत दर्ता गरी पाउन निवेदन गर्दछौं । प्रस्तावित संस्थाको उद्देश्य अनुरुप तत्कालै गर्ने कार्य सम्वन्धी योजना र प्रस्तावित सहकारी संस्थाको विनियम दुई प्रति लगायत अन्य आवश्यक कागजातहरु यसैसाथ संलग्न राखी पेश गरेका छौं ।

**संस्था सम्वन्धी विवरणः**

क) प्रस्तावित संस्थाको नामः

ख) कार्यालय रहने ठेगाना :

ग) उद्देश्य :

घ) मुख्य कार्य :

ङ) कार्य क्षेत्र :

च) दायित्व :

छ) कुल चुक्ता शेयर पुंजी :

ज) प्रवेश शुल्क :

झ) विक्रि गर्ने शेयर संख्या र त्यसको रुपैंयां :

ञ) सदस्य संख्या :

१) महिला :

२) पुरुष

निवेदक

दस्तखतः

नामः

पद :

ठेगाना :

## अनुसूची २
## सहकारी संस्था दर्ता प्रमाण-पत्रको नमूना

दर्ता नं

फलेवास नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, खानीगाउँ पर्वत ।

### दर्ताको प्रमाण - पत्र

फलेवास नगरपालिका सहकारी ऐन, २०७५ को दफा ........ बमोजिम श्री ............................................ सहकारी संस्था/संघ लि. ........................... लाई सीमित दायित्व भएको संस्था /संघमा दर्ता गरी स्वीकृत विनियम सहितको यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

संस्थाको कार्यक्षेत्र :
संस्था/संघको प्रकृति :
संस्था दर्ताको आधार :

| | | |
|---|---|---|
| दर्ता मिति : | कार्यालयको छाप : | .........................<br>प्रमुख प्रशासकीय अधिकृत |

नोटः संस्था/संघको विनियममा उल्लेखित कार्यहरु गर्न प्रचलित कानूनले इजाजत लिनुपर्ने भएमा सम्वन्धित निकायवाट इजाजत लिनुपर्नेछ । साथै सम्झौता गरी कारोवार गर्नुपर्ने भएमा सम्झौता गरी सोको लिखित जानकारी यस कार्यालयलाई गराएपछि मात्र कारोवार गर्न सकिनेछ ।

आज्ञाले,

मोतीराम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत